# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०७।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

मालपोत कार्यालय लेखनाथ, कास्कीमा कार्यरत खरिदार प्रकाश पौडेल र लेखापढी व्यवसायी मनहरी भट्टराईले सेवाग्राहीको जग्गा नामसारी गरी दिने कार्यका लागि मिलेमतो गरी घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिई गएको टोलीले निज खरिदार प्रकाश पौडेल र लेखापढी व्यवसायी मनहरी भट्टराईलाई रू.१२,०००।– (बाह्र हजार) घुस रिसवत लिइसकेको अवस्थामा पोखरा महानगरपालिका वडा नं. २९ मालपोत कार्यालय परिसर नजिकबाट उक्त रकम सहित रङ्गेहात नियन्त्रणमा लिईएको थियो।

अनुसन्धानको सिलसिलामा मातपोत कार्यालय, लेखनाथ कास्कीमा मुद्दा फाँटमा कार्यरत खरिदार प्रकाश पौडेलले सेवाग्राहीको जग्गा नामसारी गर्ने कार्यका लागि लेखापढी व्यवसाय गर्ने मनहरी भट्टराईसँग मिलेमतो गरी निजमार्फत घुस/रिसवत रु.१२,०००।—(बाह्र हजार) सेवाग्राहीबाट लिन लगाई खरिदार प्रकाश पौडेलले लिएको अवस्थामा बरामद भएको तथ्य पुष्टि हुन आएकोले निज राष्ट्रसेवक कर्मचारी प्रकाश पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर अपराध भएको देखिंदा विगो रु.१२,०००।—(बाह्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएको साथै लेखापढी व्यवसायी मनहरी भट्टराईको हकमा निजले नामसारी गर्ने कार्यका लागि खरिदार प्रकाश पौडेल र आफूसमेतको लागि घुस/रिसवत रकम लिई प्रकाश पौडेललाई उपलब्ध गराएको पुष्टि हुन आएकोले निज मनहरी भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुरमा विगो रु.१२,०००।—(बाह्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा (३) को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला